# कार्यपालिका बैठक संख्या - १९२ औं बैठक

आज मिति २०८२।१२।१७ गते विहान ०८:०० बजे पूर्वखोला गाउँपालिका अध्यक्ष श्री नुन बहादुर थापा ज्यूको अध्यक्षतामा देहाय बमोजिमको कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक पालिका बैठक कक्षमा बसी तपसिल बमोजिमको एजेन्डाहरुमा छलफल गरी निम्न बमोजिम निर्णय गरियो।

उपस्थिति

| क्र.स | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष श्री नुन बहादुर थापा | पूर्वखोला गा.पा अध्यक्ष | |
| २ | श्री भागिरथी भट्टराई | पूर्वखोला गा.पा उपाध्यक्ष | |
| ३ | श्री राजु नेपाल | प्रमुख प्रशासकीय अधिकृत (सचिव) | |
| ४ | मेहर सिंह थापा | प्रवक्ता एवंम् वडा अध्यक्ष वडा न. ४ | |
| ५ | श्री गिरीमान आले | वडा अध्यक्ष वडा नं. १ | |
| ६ | श्री निर बहादुर सारु | वडा अध्यक्ष वडा नं. २ | |
| ७ | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष वडा नं. ३ | |
| ८ | श्री विष्णु कुमार पल्ली | वडा अध्यक्ष वडा नं. ५ | |
| ९ | श्री धन बहादुर घर्ती | वडा अध्यक्ष वडा नं. ६ | |
| १० | श्री भिमी सरा आले | कार्यपालिका सदस्य | |
| ११ | श्री देवीसरा गाहा | कार्यपालिका सदस्य | देवी गाहा |
| १२ | श्री रेवती सरा घर्ती | कार्यपालिका सदस्य | |
| १३ | श्री ललिता दर्लामी | कार्यपालिका सदस्य | |
| १४ | श्री राजु परियार | कार्यपालिका सदस्य | |
| १५ | श्री चन्द्रसिं बर्मेली | कार्यपालिका सदस्य | |

आमन्त्रित :

| | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १६. | सूचना ज्ञवाली | सूचना प्रविधि अधिकृत | |
| १७. | शान्ति आचार्य | कार्यालय सहयोगी | |
| | | | |

१) अघिल्लो १९१ औं कार्यपालिका बैठकको निर्णयको समिक्षा सम्बन्धमा,
२) विपद व्यवस्थापन प्रतिकार्य सम्बन्धमा,
३) प्रदेश विशेष तथा समपुरक र अन्य आयोजना सम्बन्धमा,
४) विविध सम्बन्धमा
क) सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धमा,
ख) योजना तर्जुमाको पूर्व बैठक सम्बन्धमा,
ग) स्वास्थ्य चौकी समुद् घाटन सम्बन्धमा,
घ) स्थायी लेखा नम्बर (PAN) र मुल्य अभिवृद्धि कर (VAT) सम्बन्धमा ,
ङ) नेपाल शिक्षा,वातावरण र स्वास्थ्य संस्था (NEEM) काठमाडौँ नेपालको निवेदन सम्बन्धमा,
च) यातायात खर्च सम्बन्धमा,
छ) पूर्वखोला-१ माझकोट प्रतिक्षालय पर्खाल निर्माण सम्बन्धमा,
ज) सिलुवा स्वास्थ्य चौकीको निवेदन सम्बन्धमा,
झ) सहमति सम्बन्धमा,
ञ) छात्रवृत्ति सम्बन्धमा,
ट) दरभाउ पत्र स्वीकृत गरी खरीद सम्झौता गर्ने सम्बन्धमा
ठ) राहत सम्बन्धमा

निर्णयहरु:

१) अघिल्लो १९१ औं कार्यपालिका बैठकको समिक्षा गरी यस अघि भएका अधिकांश निर्णयहरु कार्यान्वयन भएको तथा केही निर्णयहरु कार्यान्वयनको चरणमा गएको पाईयो।

२) पूर्वखोला गाउँपालिकाको प्रत्येक वडाले विगतका वर्षहरुमा निर्माण भई कार्यान्वयनमा रहेको वडा तथा पालिकास्तरीय विपद प्रतिकार्य योजनाको समीक्षा गरी आ-आफ्नो वडा क्षेत्रभित्र हुनसक्ने सम्भावित विपदहरुलाई मध्यनजर गर्दै वडाबाट आएका प्रतिवेदन उपर छलफल गर्दा विपत प्रतिकार्य सामाग्रीहरु भए नभएको मध्यनजर गर्दै नभएको आवश्यक सामाग्री खरिद गरी उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

३) आर्थिक वर्ष २०८३/०८४ मा प्रदेश विशेष तथा समपुरक र अन्य आयोजना तथा कार्यक्रमहरु छनोट गरी प्रदेश योजना आयोग तथा अन्य विषयगत मन्त्रालय तथा निकायमा पेश गर्नुपर्ने भएकाले गाउँपालिकाका सबै वडाहरुले आगामी हुने कार्यपालिका बैठकमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

४) विविध:

क) पूर्वखोला गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को दोश्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम पूर्वखोला -२ जल्पा वडा कार्यालय परिसरमा मिति २०८२/१२/२७ गते शुक्रबारको दिन गर्ने सर्वसम्मत निर्णय गरियो ।

ख) पूर्वखोला गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ को हालसम्मको योजना तथा कार्यक्रमहरुको समिक्षा तथा २०८३/०८४ को योजना तर्जुमाका लागि समन्वय बैठक मिति २०८२/१२/१९ गते विहान ७:३० बजे गाउँपालिकामा गर्ने सर्वसम्मत निर्णय गरियो।

ग) पूर्वखोला गाउँपालिका १-सिलुवा र पूर्वखोला-२ जल्पा स्वास्थ्य चौकीको समुद् घाटन कार्यक्रम मिति २०८२/१२/२० गते शुक्रबार गर्ने र कार्यक्रम खर्च विविध खर्च शिर्षकबाट लेख्ने गरी भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो।

घ) स्थायी लेखा नम्बर (PAN) र मुल्य अभिवृद्धि कर (VAT) सम्बन्धी दर्ता, खारेजी लगायतका सम्पूर्ण कार्यहरु पालिका तहबाट नै सम्पादन गर्नका लागि आवश्यक व्यवस्थापन गर्न सम्बन्धित निकायलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

ङ) नेपाल शिक्षा,वातावरण र स्वास्थ्य संस्था (NEEM) काठमाडौँ नेपालको मिति २०८२/१२/११ गतेको निवेदन अनुसार पूर्वखोला-६ स्थित श्री कालिका प्राथमिक विद्यालयको चर्पी निर्माण, रंगरोगन, पोशाक, स्टेसनरी, खानेपानी मर्मत, भित्तेलेखन, छाना मर्मत र आवश्यक मर्मत सम्भार कार्य गर्नको लागि अनुमति प्रदान गरिदिनुहुन भनी पेश गरेकोले उक्त कार्यहरु गर्नको लागि अनुमति प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

च) गाउँपालिका अन्तर्गतका स्वास्थ्य चौकीमा कम्तिमा महिनाको एकपटक औषधि तथा औषधिजन्य सामाग्री लिन आउँदा जाँदाको यातायात खर्च कार्यालय सहयोगीलाई साउन महिनाको स्वास्थ्य चौकी प्रमुखहरुको बैठकको निर्णयानुसार गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयबाट उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

छ) विपद प्रतिकार्य अन्तर्गत पूर्वखोला-१ माझकोट प्रतिक्षालय पर्खाल निर्माण इस्टिमेट अनुसार गर्ने र आकस्मिक तथा विपद व्यवस्थापन शिर्षकबाट खर्च भुक्तानी दिनेगरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

ज) सिलुवा स्वास्थ्य चौकी नयाँ भवनको लागि आएको निवेदन माथि छलफल गर्दा इस्टिमेट अनुसार मर्मत सम्भार शिर्षकबाट शिर्षकबाट खर्च भुक्तानी दिनेगरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

झ) पूर्वखोला गाउँपालिका वडा ३ स्थित रिङ्नेरह स्वास्थ्य चौकीमा स्वास्थ्य सेवा, कम्युनिटी नर्सिङ, सहायक चौथों अ.न.मि. पदमा कार्यरत श्री शर्मिला वि.क. लाई बगनासकाली गाउँपालिकामा सरुवा भई जान सरुवा सहमती दिने सर्वसम्मत निर्णय गरियो।

ञ) Heifer Project Nepal ले मिति २०८२/१२/०५ Ref No: 306-ADM-03-FY26 को पत्रबाट गाउँपालिका भित्रका लक्षित विद्यालय, किशोरी समूह तथा समुदाय स्तरमा लागू गर्ने गरी " Girls Empowerment through Education Phase 2" नामक परियोजना सञ्चालनका लागि पूर्व सहमती माग गरेकोमा उक्त संस्थालाई गाउँपालिकाको प्रत्यक्ष निगरानी र निर्देशनमा रही लक्षित समुहमा प्रभावकारी रुपमा कार्यसम्पादन गर्नुपर्ने शर्तमा परियोजना सञ्चालनका लागि पूर्व सहमती प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

ट) पल्लो भञ्ज्याङ लाबे मोटरबाटो स्तरोन्नती योजना कार्यक्रम सञ्चालन गर्न ठेक्का( टेण्डर) आह्वान गरिएकोमा ठेक्का प्राप्त गर्ने (न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावकारी पहिलो

मुन बहादुर थापा
अध्यक्ष

राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत

न्यूनतम कबोल अङ्क कबोल गरी दरभाउ पत्र स्वीकृत भएको) Shree Kalika Bindabasini Construction and Engineering Consultancy Pvt. Ltd. ले ठेक्का सम्झौता गर्नका लागि मिति २०८२/११/१२ मा ७ दिने सूचना जारी गरी बोलाएकोमा निज तोकिएको समयमा सम्झौता गर्न नआएकोले (सम्झौता गर्न नआउनुको कारण पेश गर्नु भनी कार्यालयबाट पत्राचार गर्दा बैङ्क ग्यारेन्टी बनाउन नसकेको कारण देखाई सम्झौता गर्न आउन नसकेको भन्ने कारण पेश गरेको जुन सार्वजनिक खरीद ऐनको विपरित कार्य भएको हुँदा) सार्वजनिक खरीद ऐन, २०६३ को दफा ५ को उपदफा ३ बमोजिम निजको जमानत रकम जफत गरी निजको दरभाउ पत्र अस्वीकृत गरी सो भन्दा लगत्तै पछिको दोस्रो न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावकारी Jhimruk Construction ( कबोल अङ्क ९,३२,५१९।१४) को दरभाउ पत्र स्वीकृत गरी खरीद सम्झौता गर्ने सर्वसम्मत निर्णय गरियो । साथै नियमानुसार सम्झौता गर्न नआउने Shree Kalika Bindabasini Construction and Engineering Consultancy Pvt. Ltd. लाई कानून बमोजिम हदै सम्मको कार्वाही गर्न सार्वजनिक खरीद अनुगमन कार्यालयलाई अनुरोध गर्ने समेत सर्वसम्मत निर्णय गरियो ।

ठ) राहत सम्बन्धमा:

पूर्वखोला गाउँपालिका भित्र बसोबास गर्ने तपसिल ब्यक्तिहरुले दिएको निवेदनमा छलफल गर्दा तपसिल बमोजिमको राहत उपलब्ध गराउने सर्वसम्मतले निर्णय गरियो।

तपसिल:

| क्र.स. | ब्यक्ति/संस्थाको नाम | ठेगाना | राहत माग / रकम | उपलब्ध गराएको राहत रकम | कै. |
|---|---|---|---|---|---|
| १ | रिङनेरह पूर्वखोला सामुदायिक विद्युत वितरण संस्था | पूर्वखोला-१ | विद्युत मिटर खरिद गर्न | विद्युत मिटर खरिद रु.२०,०००/- | |
| २ | माथिल्लो रोमंदी टोल सामुहिक निवेदन | पूर्वखोला-१ | २० मि.मि. को ६०० मिटर खानेपानी पाईप | २० मि.मि. को ३०० मिटर खानेपानी पाईप | |
| ३ | बल बहादुर श्रेष्ठ | पूर्वखोला-१ | अस्पताल जाँदा आउँदाको यातायातको लागि आर्थिक सहयोग | अस्पताल जाँदा आउँदाको यातायातको लागि आर्थिक सहयोग रु.१०,०००/- | |
| ४ | निराजन पंगेनी | पूर्वखोला-१ | २५ मि.मि. को ३०० | २५ मि.मि. को | |

पुन बहादुर थापा
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| | | | मिटर सिंचाई पाईप | १५० मिटर सिंचाई पाईप | |
| ५ | मिन कुमारी गाहा | पूर्वखोला-१ | ४० मि.मि. १०० मिटर खानेपानी पाईप | ४० मि.मि. ५० मिटर खानेपानी पाईप | |
| ६ | उदबुद्ध मा.वि. | पूर्वखोला-३ | भलिबल खेल्ने २ वटा फलामे पोल | भलिबल खेल्ने २ वटा फलामे पोल | |
| ७ | यानुमाया वि.क. | पूर्वखोला-३ | १ थान व्हिल चेयर | | |
| ८ | भट्टीवाला रेस्टुरेन्ट | पूर्वखोला-३ | प्रतिनिधि सभा सदस्य निर्वाचन प्रयोजन खर्च रु.८१२५ | विविध खर्च शिर्षकबाट भुक्तानी दिने गरी रु.८,०००/- | |
| ९ | बस्याल बिजुली पसल | पूर्वखोला-३ | प्रतिनिधि सभा सदस्य निर्वाचन प्रयोजन विद्युत खर्च रु.१७२००/- | मसलन्द तथा कार्यालय सामग्री खर्च शिर्षकबाट भुक्तानी दिने गरी रु.१७०००/- | |
| १० | शोभा आचार्य | पूर्वखोला-३ | २५ मिटर सिंचाई पाईप | २५ मिटर सिंचाई पाईप | |
| ११ | भिम बहादुर सारु मगर | पूर्वखोला-३ | ४ बक्सा ग्याबिन तार | ४ बक्सा ग्याबिन तार | |
| १२ | मिनराज आचार्य | पूर्वखोला-३ | पैदल मार्ग निर्माण | इस्टिमेट अनुसार मर्मत सम्भार खर्च शीर्षकबाट भुक्तानी दिने | |
| १३ | ओम बहादुर लम्काहा | पूर्वखोला-४ | मोहकाल प्रतिक्षालय छाना व्यवस्थापन गर्न ०.४५ मि.मि. प्लेन जि.आई. सिटको रु.१३,९२३.१ | ०.४५ मि.मि. प्लेन जि.आई. सिटको रु.१३,९२३.१३/- लागत अनुमान अनुसार मर्मत सम्भार खर्च शीर्षकबाट भुक्तानी दिने | |
| १४ | सामुदायिक आरन भवन | पूर्वखोला-४ | सामुदायिक आरन व्यवस्थापन गर्न रु.५६००.४८/- | रु.५०००/- आर्थिक सहयोग | |
| १५ | कर्ण बहादुर श्रेष्ठ | पूर्वखोला-४ | पाँच मुरे कुलो माटो खन्ने रु.१०८१६.२०/- सिंचाई पाइप माग ४० मि.मि. को १२० | रु.८०००/-आर्थिक सहयोग र ४० मि.मि. को ६० मिटर सिंचाई पाईप | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | मिटर | | |
| १६ | सामुहिक निवेदन | पूर्वखोला-४ | पाँच मुरे कुलो माटो खन्ने कार्यको लागि रु.१९,७३९.९०/ | रु.१९०००/- आर्थिक सहयोग | |
| १७ | बिजय कुमार श्रेष्ठ | पूर्वखोला-४ | ४" गोलाई भएको PN को ५ वटा पोलिथिन पाईप (२५ मिटर) | ५० मि.मि. पोलिथिन पाईप (२५ मिटर) | |
| १८ | स्यापत बाहुन्डी लिफ्ट खानेपानी तथा सरसफाई उपभोक्ता समिति | पूर्वखोला-५ | ५० MM को १५ मिटर खानेपानी पाइप | ५० MM को ८ मिटर खानेपानी पाइप | |
| १९ | यान बहादुर पल्ली | पूर्वखोला-५ | स्यापतमा घोडेटो बाटो निर्माण गर्न रु.१००,०००/- | स्यापतमा घोडेटो बाटो निर्माण गर्न अधिकतम रु.१००,०००/- लागत सहभगिता अनुसार | |
| २० | नेपाल मगर संघ | तानसेन,पाल्पा | आर्थिक सहयोग | रु.५०००/-आर्थिक सहयोग | |